# ओमसतिया गाउँपालिका
Omsatiya Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
हाटी फर्सादिकर, रुपन्देही
Hati Pharsatikar, Rupandehi

पत्र संख्या :-/Ref. No.: 065/80

चलानी नं. :-/Dispatch No.:

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

## साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

**दोस्रो पटक प्रकाशित मिति :२०७९।०७।१५**

यस ओमसतिया गाँउपालिका भित्र आ.व. २०७९।०८० मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत तपशिल बमोजिमका पकेट कार्यक्रमहरु संचालन गर्न सकिने भएकोले इच्छुक कृषक समूह/कृषि सहकारी संस्था/जल वा वन उपभोक्ता समिति/ कृषि फार्म / पशुपन्छी फार्महरुले आवश्यक कागजात सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०७९ कार्तिक २९ गते) प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै आवेदन फारम अनुसूची - ६ र आधारभुत तथ्याङ्क फारम अनुसूची - ७ कार्यालयको वेवसाइट www.omsatiyamun.gov.np र ओमसतिया गाउँपालिका कृषि शाखाको फेसबुक पेज बाट डाउनलोड गरी वा सम्बन्धित शाखा बाट प्राप्त गर्न सकिने छ ।

**पकेट कार्यक्रम संचालनका मापदण्डहरु :**

| क्र.स. | बाली/वस्तु | इकाई | न्यूनतम क्षेत्रफल वा संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | आ.व. २०७९/८० मा धान बाली पकेट विकास कार्यक्रम संचालन । | हेक्टर | २० (३० विगाहा) | |

**पेश गर्नु पर्ने आवश्यक कागजातहरु :**

१. पकेट माग गर्ने संस्थाको निर्णय प्रतिलिपी ।

२. सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

३. प्रस्ताव पेश गर्ने आधिकारिक व्यक्तिको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

४. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भए कम्तीमा ५ वर्षको करार सम्झौता प्रतिलिपि ।

५. स्थायी लेखा नम्बर प्रमाण पत्र प्रतिलिपि ।

६.अनुसूची ७ बमोजिमको प्रस्तावना विवरण ।

७. अनुसूची ६ बमोजिम प्रस्तावना निवेदन ।

८. वडा कार्यालयको सिफरिस पत्र ।

थप जानकारीका लागि यस कार्यालयको कृषि विकास शाखामा सर्म्पक गर्न सकिने छ । सर्म्पक : कृषि विकास शाखा केशव प्रसाद चौधरी ९८४७०३९४५०

2079/6/15

**सागर गौतम**
**प्रमुख प्रशासकीय अधिकृत**